जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २८८ २०७९ साल असार १३ गते सोमबार (27 June 2022 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : देशभरका स्थानीय तहमा औद्योगिक ग्राम. २ पृष्ठमा : बद्रीनाथमार्ग अवरूद्ध, मर्मत ..४ पृष्ठमा : म्याद गुज्रेको सामान..

## जिसस सप्तरीमा काँग्रेस, लोसपा, जनमत र नेकपा एस गठबन्धन विजय

**दैनिक समाचारदाता**
**राजविराज, १२ असार ।**

जिल्ला समन्वय समिति सप्तरीको प्रमुखमा काँग्रेस, लोसपा, जनमत र नेकपा एस गठबन्धनका उम्मेदवार शिवनारायण साह निर्वाचित भएका छन् ।

आईतवार सम्पन्न निर्वाचनको मतपरिणाम अनुसार उक्त गठबन्धनबाट प्रमुख पदका साझा उम्मेदवार नेपाली काँग्रेसका शिव नारायण साह २३ मत ल्याई निर्वाचित भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्दी जसप-एमाले गठबन्धनका तर्फबाट उम्मेदवार रहेका जसपाका छेदी यादवले ११ मत प्राप्त गरे । उक्त पदमा २ मत बदर समेत भएको छ ।

यस्तै उपप्रमुखमा काँग्रेस, लोसपा, जनमत र नेकपा एकिकृत (समावादी) गठबन्धन कै साझा उम्मेदवार लोसपाका शम्भु कुमार यादव २० मत ल्याई निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्दी जसपा-एमाले गठबन्धनका देवकान्त चौधरीले १४ मत प्राप्त गरे ।



**शिवनारायण साह**
नवनिर्वाचित सभापति
जिल्ला समन्वय समिति सप्तरी

यसैगरि सदस्यहरुमा काँग्रेस, लोसपा, जनमत र नेकपा एकिकृत (समाजवादी) गठबन्धनका उम्मेदवारहरु जागेश्वर यादव (काँग्रेस) २३ मत, रंजिता कुमारी चौधरी (काँग्रेस) २२ मत, सत्य नारायण मण्डल (लोसपा) २० मत, सविता कुमारी साह (नेकपा एस) २३ मत, बहुरी भगत (नेकपा एस) २३ मत, प्राणवत्ती सरदार (जनमत) २३ मत र बृद्धिलाल यादव (जनमत) २४ मत ल्याई विजयी भएका छन् ।

सप्तरीको १८ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष गरि कुल ३६ मतदाता रहेका थिए । जसमा नेपाली काँग्रेसको १२ मत, जसपाको ८ मत, लोसपाको ५ मत, नेकपा एमालेको ४ मत, जनमत पार्टीको ३ मत, नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत (समाजवादी) को २/२ मत रहेको थियो ।

अन्तिम क्षणमा काँग्रेस, लोसपा, जनमत र नेकपा एकिकृत (समाजवादी) गठबन्धनबाट अलगिएका नेकपा माओवादी केन्द्रले काँग्रेसले धोखा दिएको आरोप लगाएका छन् ।

यता संघिय सरकारका सत्ता साझेदार दलका नेताहरुले समय मै पहल नगर्दा जिल्लामा तालमेल भत्किएको र यसले आगामी प्रदेश र संघिय निर्वाचनमा समेत प्रतिकुल असर पार्ने अनुमान गर्न थालिएको छ । नेपाली काँग्रेसका सचिव सनत मण्डलले सत्ता साझेदार दल भएपनि जसपाले त्यस्तो व्यवहार नदेखाएको र जिससको निर्वाचनमा हैसियत भन्दा बढी पद माग गर्दा गठबन्धन हुन नसकेको बताए ।

जसपाका अध्यक्ष केदार यादवले भने पद बाडँफाँडमा काँग्रेसले सम्मानजनक स्थान दिन नमानेपछि एमाले संग गठबन्धन गर्न बाध्य भएको जिकिर गरे ।

## छतबाट लडेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, १२ असार ।**

महोत्तरी जिल्लाको गौशाला नगरपालिका वडा नं. ५ मा शनिबार राति दुईतले घरको छतबाट लडेर एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको जलेश्वर नगरपालिका ४ सुगागाउँ घर भई हाल गौशाला ५ स्थित दिनेश यादवको घरमा डेरा लिई बस्दै आएकी २६ वर्षीया पुनम महतो रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

राति छतमा सुकाएका कपडा लिन गएकी महतोको छतबाट अचानक लड्दा उनको घटनास्थलमै मृत्यु भएको थियो ।

## घटचो सवारीसाधनको भाडा

काठमाडौँ, १२ असार (रासस) ।

सरकारले अन्तर प्रदेश चल्ने सार्वजनिक यातायातमा भाडा घटाएको छ । नेपाल आयल निगमले शनिबार डिजेल र पेट्रोलको भाउ कम गर्ने निर्णय गरेपछि सोही आधारमा यात्रुबाहक र मालबाहक सवारीसाधनको भाडादर कम गरिएको हो ।

यसअघि पटकपटक पेट्रोलियम पदार्थको भाडा बढ्दा भाडादर बढेको थियो । यातायात व्यवस्था विभागले यात्रुबाहक सवारीसाधनमा यसअघि कायम भाडादरभन्दा पाँच दशमलव ४१ प्रतिशत भाडा कम गरेको छ । अहिले डिजेल प्रतिलिटर रु २९ र पेट्रोल प्रतिलिटर रु २० कम भएकाले त्यसैका आधारमा भाडादर घटाउने निर्णय भएको विभागले जनाएको छ ।

पहाडी बाटोमा चल्ने मालबाहक सवारीसाधनमा ६ दशमलव ९७ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालबाहक सवारीसाधनमा सात दशमलव ६८ प्रतिशत भाडा घटाइएको छ । वैज्ञानिक भाडा समायोजन प्रणालीमा इन्धनको मूल्य पाँच प्रतिशत वा सोभन्दा बढीले घटेमा वा बढेमा स्वचालितरुपमा भाडादर परिवर्तन हुने उल्लेख छ । पछिल्लो पटक गत असार ६ मा भाडादर समायोजन गरिएको थियो ।

## नागरिकता विधेयक अघि बढाउन सांसदको माग

काठमाडौँ, १२ असार (रासस) ।

प्रतिनिधिसभाका सांसदहरुले संसद्मा विचाराधीन रहेको नागरिकतासम्बन्धी विधेयक तत्काल अघि बढाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा बोल्ने सांसदहरुले नागरिकता नहुँदा राज्यबाट प्रदान गरिने सम्पूर्ण सेवाबाट नागरिक बञ्चित भएको भन्दै उनीहरुलाई राज्यको नागरिक भएको आभास दिलाउन विधेयकको किनारा लगाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद इन्दुकुमारी शर्माले संसद्मा लामो समयदेखि विचाराधीन रहेको नेपाल नागरिकता ऐनसम्बन्धी विधेयक पारित नहुँदा राज्यले दिने शिक्षा, स्वास्थ्यलगायत सम्पूर्ण सुविधाबाट बञ्चित भएको भन्दै छिटोभन्दा छिटो पारित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले संविधान राज्य सञ्चालन गर्ने मूल कानून भएको र यसले सुनिश्चित गरेको नागरिकता प्राप्त गर्ने जन्मसिद्ध अधिकारको सुनिश्चितताका लागि नागरिकता विधेयक टुङ्गो लगाइनुपर्नेमा जोड दिनुभयो ।

## नेकपा एसबाट मन्त्री हेरफेर

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ असार ।**

नेकपा एकीकृत समाजवादीबाट सरकारमा सहभागी मन्त्री हेरफेर भएका छन् ।

एकीकृत समाजवादीबाट नेताहरु जीवनराम श्रेष्ठ संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री, मेटमणि चौधरी शहरी विकास मन्त्री, शेरबहादुर कुँवर श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री, भवानी खापुङ स्वास्थ्य तथा जनसंख्या मन्त्री र हीरा केसी स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेका छन् ।

राष्ट्रपति कार्यालयले आइतबार साँझ एक विज्ञप्ति जारी गरी प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद पुनर्गठन गरेको उल्लेख गरेको छ ।

नेकपा एकीकृत समाजवादीले २२ जेठमा मन्त्रीहरु फिर्ता बोलाएर सरकारमा नयाँ मन्त्रीहरुलाई पठाउने निर्णय गरेको थियो ।

## लोसपा र लोक दलबीच एकता

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ असार ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र लोक दलबीच एकता भएको छ ।

आइतबार लोसपा नेपालको काठमाडौंस्थित कार्यालयमा संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रही मधेस तथा समग्र देश र जनताको अधिकार प्राप्तिको संघर्षलाई अझ उचाइमा पुर्याउन दुई पार्टीहरूबीच एकता भएको दुवै दलले घोषणा गरेका छन् ।

एकताले एकीकरणले समग्र देशभित्र रहेका उपेक्षित, पिडित, पिछडा वर्ग लगायत सम्पूर्ण मधेसी तथा अधिकारबाट बञ्चित नागरिकहरुको आवाजलाई अझ बढी मुखरित गर्ने दुवै दलले दावी गरेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र लोक दलबीच भएको चार बुँदे सहमतिमा लोक दलले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको नाम, झण्डा र छाप स्वीकार गर्ने, लोक दलबाट आएका नेता तथा कार्यकर्ताहरूलाई सहमति अनुसारको स्थान र सम्मान लोसपा नेपालमा प्रदान गर्ने उल्लेख छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# किसानको समस्या कहिले समाधान हुने !

नेपाल कृषि प्रधान देश हो, तर यहाँका किसानहरुलाई समयमा आवश्यकता अनुसारको मल खाद, बिउ बिजन लगायतका आवश्यक सामग्रीहरु उपलब्ध नहुँदा किसानहरुलाई निकै समस्या खेप्नुपरीरहेको छ । दिनभरी करायो दक्षिणा हरायौ भन्ने उखान झै यहाँका किसानहरुको यस्तै समस्याबाट पीडित छन् । अहिले असार महिना लागिपसकेपछि अहिले यहाँका किसानहरुले सिंचाईको उचित व्यवस्था नभएका कारणले अहिलेसम्म कत्तिपय किसानहरुले धानको बिउ सम्म पनि छर्न पाएका छैनन । घर नजिकै चन्द्र नहर रहेपनि सिंचाईको उचित व्यवस्था नभएकै कारणले गर्दा यहाँका किसानहरु धानको बिउ छर्नेदेखि खेति गर्नेसम्म पनि पछाडी परेका छन । खासगरी समयमा सिंचाईको उचित व्यवस्था नहुँदा तथा बर्षा समेत नभएकै कारणले बर्षेनी यहाँका किसानहरुलाई यी समस्याहरुले निकै पिरोलिने गरेपनि किसानहरुको समस्या समाधानका लागि राज्य तथा सम्बन्धित कुनै निकायको ध्यान जान सकेका छैन ।

सिंचाईको लागि पटक पटक यहाँका किसानहरुले सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि सम्बन्धित निकाय कानमा तेल हालेर सुतेका हुन्छन । त्यस्तै समयमा आवश्यकता अनुसारको मल, खाद तथा बिउ बिजनहरु समेत यहाँका किसानहरुलाई उपलब्ध नहुँदा यहाँका किसानहरुलाई दोहरो समस्या खेप्नुपरीरहेका छन । माँग अनुसारको मल खाद उपलब्ध नभएकै कारणले यहाँका किसानहरु बाध्य भएर छिमेकी भारतबाट मलखाद्य ल्याएर प्रयोग गर्न बाध्य भएपनि समस्या समाधान गर्ने निकाय कानमा तेल हालेर सुतेका हुन्छन ।

तसर्थ समस्या समस्याले ग्रसित तथा समयमा धान रोपाई नभएपछि बर्षभरी के खाने चिन्ताले पिरोलिएका किसानहरुको समस्या समाधानका लागि समयमै सरकार तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने जरुरी रहेको देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभरका स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न माग

काठमाडौँ, १२ असार (रासस) ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले देशभरका सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न माग गरेको छ ।

महासङ्घले शनिबार यहाँ आयोजना गरेको केन्द्रीय कार्यसमितिको बैठक एवं 'बधाई तथा सम्मान' कार्यक्रममा व्यवसायीहरूले देशको अर्थतन्त्रलाई थप बलियो बनाउनका लागि सरकारले उद्योगमैत्री वातावरण निर्माण गर्नुपर्ने बताएका हुन् ।

कार्यक्रममा महासङ्घका अध्यक्ष कुमार कार्कीले सरकारले मुलुकभित्र उद्योग व्यवसायलाई प्रोत्साहन गर्न भन्सार नाकामा उद्योगी व्यवसायीलाई सहज पहुँचको व्यवस्था गर्नुपर्ने बताउनुभयो । "उद्योगका लागि चाहिने आवश्यक जनशक्ति निर्माण गर्न तालिम केन्द्रहरू स्थापना गर्नुपर्छ", उहाँले भन्नुभयो ।

महासङ्घले कच्चा पदार्थको परनिर्भरता हटाउनका लागि राज्यस्तरबाट खोज-अनुसन्धान गर्नुपर्ने, वैज्ञानिक घरभाडा लागू गर्नुपर्ने, फुटपाथको सही व्यवस्थापन गर्नुपर्ने, उद्योग व्यवसायको क्षमता र प्रकृति हेरेर उद्योगी व्यवसायीका लागि बिनाधितो ऋणको व्यवस्था गर्नुपर्ने, रुग्ण रहेका उद्योग सञ्चालनमा ल्याउन निजी क्षेत्रसँग समन्वय गर्नुपर्ने बताएको छ ।

यस्तै साना तथा मझौला उद्योगी व्यवसायलाई नीति निर्माण तहमा सहज पहुँच बनाउनुपर्ने, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्वरोजगार बनाउन विशेष नीति लिनुपर्ने, स्थानीय तहमा उत्पादित वस्तुको व्यवस्थापनका लागि आवश्यक पहलकदमी लिनुपर्ने, निजी क्षेत्रलाई असर गर्ने जुनसुकै निर्णय लिँदा निजी क्षेत्रसँग परामर्श लिनुपर्ने महासङ्ले माग राखेको छ ।

महासङ्घका संस्थापक अध्यक्ष नरेश कटुवालले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि सरकार र निजी क्षेत्रबीच समन्वय समिति गठन गर्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहको पाठचक्रममा उद्योग व्यवसायमैत्री पाठचक्रम निर्माण गरी लागू गर्नुपर्ने बताउनुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका सल्लाहकार एवं सुनकोसी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष टपिन्द्रप्रसाद तिमिल्सिनाले स्थानीय तहले व्यवसायमैत्री कानुन निर्माण गरी लागू गर्नुपर्नेमा जोड दिनुभयो । विसं २०७३ मा स्थापना भएको महासङ्घमा हाल देशभरका २३ सङ्घका १० हजारभन्दा बढी उद्योगी/व्यवसायी आवद्ध छन् । महासङ्घले आगामी दिनमा देशका सबै जिल्लामा आफ्ना शाखा विस्तार गर्ने लक्ष्यानुसार काम गर्दै आएको वरिष्ठ उपाध्यक्ष मनोजबाबु श्रेष्ठले जानकारी दिनुभयो ।

महासङ्घको शनिबारकै बैठकबाट नयनबहादुर पण्डित क्षेत्रीको सभापतित्वमा ५१ सदस्यीय सल्लाहकार समितिसमेत गठन गरिनुका साथै विभिन्न विभागसमेत गठन गरेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# रु एकलाख राशिको विशिष्ट लेखक पुरस्कार स्थापना

काठमाडौँ, १२ असार (रासस) ।

नेपाली लेखक सङ्घले रु एक लाख राशिको विशिष्ट लेखक पुरस्कार स्थापना गरेको छ । सङ्घको शनिबार सम्पन्न दोस्रो पूर्ण बैठकले नेपाली साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने एक स्रष्टालाई सो पुरस्कार अर्पण गर्ने निर्णय गरेको हो ।

सङ्घका अध्यक्ष एवं वरिष्ठ कवि तीर्थ श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले विसं २०८० वैशाख १६ गतेदेखि हरेक वर्ष 'लेखक दिवस' मनाउन सुरुआत गर्ने निर्णय गरेको छ । उक्त दिन नेपाली लेखक सङ्घका सबै प्रदेश तथा जिल्ला शाखालाई लेखक दिवस मनाउन निर्देशन दिने निर्णय बैठकले गरेको सङ्घका सचिवालय सदस्य नवीनचन्द्र घिमिरेले जानकारी दिनुभयो ।

स्रष्टाहरूले राजनीति परिवर्तनका लागि चालेको सङ्गठनात्मक चेतको उच्च स्मरण गर्दै उक्त ऐतिहासिक दिनलाई नेपाली लेखक सङ्घले 'लेखक दिवस' मनाउने निर्णय गरेको हो । उक्त दिवसकै अवसर पारेर प्रदान गरिने विशिष्ट लेखक पुरस्कारको अक्षयकोष स्थापना गर्न सङ्घले आफ्नो तर्फबाट रकम सङ्कलन गर्न सुरु गरेको छ । सो पुरस्कार प्रदान गर्न अक्षयकोषका लागि कार्यसमितिको तर्फबाट मात्रै रु

*बाँकी अन्तिम पृष्ठमा*

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## विश्व समाचार

### बद्रीनाथमार्ग अवरूद्ध, मर्मत जारी

चमोली (बद्रीनाथ), १२ असार (रासस/एएनआई) ।

शनिबार राति परेको अविरल वर्षासँगै बिराही र पागल नालामा विशाल चट्टान खसेपछि बद्रीनाथ राजमार्ग फेरि अवरुद्ध भएको छ । स्थानीय प्रशासनबाट प्राप्त जानकारीअनुसार राजमार्गको जीर्णोद्धार तथा चट्टान पन्छाउन सडक प्रभागका कर्मचारी क्रियाशील छन् । अघिल्लो महिना पनि उत्तराखण्डको कर्णप्रयागको पाँचपुलिया नजिकैको बद्रीनाथ मार्गमा पहाडबाट ढुङ्गा खसेपछि यातायात अवरुद्ध भएको थियो । हनुमानचट्टी नजिक ढुङ्गा खस्दा र लाम्बागाड नालामा पानी बढेपछि त्यस दिनको सवारी आवागमन केही घण्टाअघि मात्र ठप्प भएको थियो ।

अलकनन्दा नदीको किनारमा अवस्थित भगवान् विष्णुको पवित्र धाम बद्रीनाथमा वर्सेनि धेरै श्रद्धालु तीर्थयात्री पूजार्चनाका निम्ति जाने गरेका छन् । बद्रीनाथसहित यमुनोत्री, गङ्गोत्री र केदारनाथ पवित्र चारधाम मानिन्छन् । वर्षको छ महिनामात्र बद्रीनाथ धाम खुला हुने गरको छ । बद्री-केदार मन्दिर समितिले असार ४ गते दिएको जानकारी अनुसार बद्रीनाथमा सात लाख ६० हजारभन्दा बढी र केदारनाथमा सात लाख २७ हजार, गङ्गोत्रीमा तीन लाख ८४ हजार, यमुनोत्रीमा दुई लाख ९४ हजारले दर्शन गरेका थिए । यो वर्षको तीर्थयात्राका क्रममा हालसम्म ९१ जनाको ज्यान गएको छ । यो वर्ष १० लाख तीर्थयात्रीले यात्राका निम्ति सरकारसँग अनुमति लिएका थिए । यति धेरै सङ्ख्यामा तीर्थयात्रीले स्थानीय प्रशासनसँग अनुमति लिएर नयाँ कीर्तिमान कायम गरेका अधिकारीहरूले बताएका छन् ।

### किएभको आवासीय क्षेत्रमा रूसी हमला

किएभ, १२ असार (रासस/सिन्ह्वा) ।

रूसको आक्रमणविरूद्ध ऐक्यबद्धना जनाउन तथा युक्रेनलाई समर्थन गर्न जी सेभेनका नेताहरू जर्मनीमा छलफलमा जुटेका बेला आइतबार बिहान यहाँको आवासीय एवम् आसपासको क्षेत्रमा भयानक विस्फोट भएका छन् । उत्तर एटलाण्टिक सन्धि सङ्गठन (नाटो)शिखर सम्मेलनको तयारीमा रहेका नेताहरूलाई तर्साउने उद्देश्यले तीन सातापछि पुनः हमला भएको किएभ नगरका प्रमुख भिटाली क्लिट्स्कोले बताएका छन् । केही नगरवासीलाई बाहिर निकालिएको तथा दुईजना घाइतेलाई अस्पतालमा भर्ना गरिएको क्षतिग्रस्त भवनको भ्रमण गरेपछि उनले बताए भग्नावशेषमा मानिस रहेका अनुमान गरिएको छ । युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युरोपेली सङ्घ र नाटोको भेलालाई सम्बोधन गर्ने अपेक्षा गरिएको बेला पोल्याण्डको सीमा नजिकका शहर शनिबार भएका आक्रमणबाट प्रभावित भएका थिए ।

आइतबारको आक्रमणको केही घण्टापछि जी सेभेन सदस्य क्यानडा, जापान र संयुक्त राज्य अमेरिकासँगै बेलायतले पनि मस्कोमाथि प्रतिबन्ध लगाउँदै उसको बहुमूल्य रत्न एवम् धातु निर्यात रोक्ने घोषणा गरेको छ । यो कदमले 'रूसी कुलीन वर्गलाई प्रहार गर्ने र राष्ट्रपति भ्लादिमिर पुटिनको युद्ध संयन्त्रमा हान्ने' प्रधानमन्त्री बोरिस जोन्सनले बताएका छन् । बारभियन आल्पस्मा जारी बैठकपछि पश्चिमा गठबन्धनले मास्कोमाथि लगाइएका प्रतिबन्धहरूको प्रभावकारिताको समीक्षा गर्नका साथै किएभका निम्ति सम्भावित सहायता तथा दीर्घकालीन पुनर्निर्माण योजनाबारे छलफल गर्नेछ । युक्रेन युद्ध पाँचौ महिनामा प्रवेश गरेको छ । यस अवधिमा रूसी आक्रमणले पूर्वी डोनबास क्षेत्रका शहरको प्रतिरक्षामा जुटेकाहरूलाई कमजोर बनायो भने लुहान्स्क प्रान्तको करिब ९५ प्रतिशत र छिमेकी डोनेस्क प्रान्तको करिब आधा भागमा रूसी सेनाले कब्जा जमाएको छ ।

### नाइट क्लबमा सत्र जना मृत भेटिए

जोहानेसबर्ग, १२ असार (रासस/एएफपी) ।

दक्षिण अफ्रिकाको दक्षिणी शहर पूर्वी लन्डनमा अवस्थित एक नाइट क्लबमा आइतबार १७ जना मृत फेला परेका प्रहरीले जनाएको छ । उनीहरूको मृत्युको कारण र विवरण भने सार्वजनिक भएको छैन । 'हामीले पूर्वी लन्डनमा रहेको सिनरी पार्कमा रहेको स्थानीय क्षेत्रमा १७ जनाको मृत्यु भएको रिपोर्ट प्राप्त गरेका छौँ'। प्रान्तीय प्रहरी प्रमुख ब्रिगेडियर थेम्बिन्कोसी किनानाले एएफपी समाचार समितिलाई उक्त जानकारी दिनुभएको छ । घटनाको वरिपरिको परिस्थितिबारे अझै अनुसन्धान गरिरहेको पनि उहाँले बताउनु भएको छ । यद्यपी अझै पनि यस समाचारको विस्तृत विवरण भने प्राप्त नभएको जनाइएको छ ।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी मधेश, प्रदेश, नेपाल

**विषय : राजविराज नगरपालिका कार्यालय उत्तर, पुर्व र दक्षिण तर्फ रहेको पसल कवल कोठा भाडामा लगाउने सम्बन्धि ।**

पहिलो पटक प्रकाशित मिति :२०७९।०३।१२ गते

## सुचना ।

यस राजविराज नगरपालिका कार्यालय उत्तर, पुर्व र दक्षिण तर्फ भएको पसल कवल भाडामा लिने इच्छुक व्यवसायी, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलवन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७९।०३।१२ गते देखी २०७९।०४।१७ गते सम्म कार्यालय समय भित्र रु. १०००।०० (अक्षरेपी एक हजार)(फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०७९।०४।१८ गते दिनको १२.०० बजे भित्र सिलवन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

**शर्तहरु**

१. कोठा भाडा लिन चाहने व्यवसायी, फर्म, संघ संस्थाले न्युनतम प्रति महिना मासिक भाडा रु ८,०००।००(अक्षरेपी आठ हजार) हुनेछ उक्त मासिक भाडा रकम भन्दा बढी रकम कवोल गर्ने व्यवसायी, फर्म, संघ संस्थाले शिलवन्दि कोटेशन स्वीकृतिकोलागी पहिलो प्राथमिक्ता रहने छ । बढी भाडा रकम कवोल गरि आएको आधारमा पसल कबल कोठाको संख्यालाई ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराइनेछ । बढी कबोल गर्ने लाई कोठा छनौटमा पनि पहिलो प्राथमिक्ता दिइने छ ।

२. पसल कवल कोठाहरुका लागी एक व्यापारी एक फर्म वा एक संस्थावाट १ कोठाको लागी मात्र शिलवन्दी कोटेशन पेश गर्न पाइने छ ।

३. आफुले कबोल गरेको रकमको हुन आउने ५% रकम धरौटी बापत राजविराज नगरपालिकाको रा.बा. बैंक को धरौटी खाता हि.नं. २१८००३०३००००६ मा जम्मा गरी जम्मा गरेको सक्कलै भौचर शिलवन्दी कोटेशन संगै पेश गर्नु पर्ने छ । व्यवसायी, फर्म, संघ संस्था स्वीकृत भई कवोल गरे अनुसारको सम्झौता नगरेमा उक्त धरौटी रकम जफत गरिने छ ।

४. शिलबनदी कोटेशन स्वीकृत भएको फर्म, संध संस्थाको नाउँमा स्वीकृत भए पछी सम्झौता हुँदा बखत न्युनतम १,५१,०००। (अक्षरेपी रु एक लाख एकावन हजार मात्र) धरौटी जम्मा गर्नु पर्ने हुन्छ ।

५. शिलबन्दी कोटेशनका साथ निवेदकले व्यवसाय प्रमाण पत्रको प्रतिलिपी र फर्म, संघ संस्थाहरु प्रमाण पत्र र चालु आ.व.को नविकरण गरिएको प्रमाण पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी कोटेशन स्वीकृत भएको व्यवसायी, फर्म, संध संस्थाले स्वीकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा प्राथमिक्ता क्रमअनुसार सो भन्दा कम कबोल गरेका लाई नियम अनुसार सम्झौताको प्रकृया अगाडी बढाइने छ ।

७. नेपाल सरकार नगरपालिका वा अन्य संस्थालाई बहालकर लगायतका अन्यकर दस्तुर बुझाउनु परेमा कोठा भाडावालाले नै बुझाउनु पर्ने छ ।

८. नगरपालिकालाई तिर्नुपर्ने बक्यौता भएका, पेश्की लागी फर्छ्यौट नगरेको न.पा. का आदेश निर्देशनको अवहेल्ना गरेको, न.पा. को कालो सुचिमा परेका व्यक्ति, व्यवसमयी वा संस्थाले शिलबन्दी कोटशन पेश गर्न पाउने छैन्न । गरेमा मान्य हुने छैन ।

९. प्रारम्भमा कोठाको प्रति महिना भाँडामा दुई वर्ष सम्म बृद्धि हुने छैन । प्रत्येक दुई वर्ष पछि भाँडाको दरमा १५ प्रतिशत बृद्धि भाडा दर कायम गरिनेछ । लगातार ३ महिनासम्म भांडा रकम दाखिला नगर्ने व्यवसायी संस्था फर्मको सम्झौता स्वतः रद्द हुनेछ ।

१०. मासिक भाडा बुझाउने समय महिना व्यतित भएको ७ दिन भित्र बुझाउनु पर्ने छ , सो ७ दिन भित्र नबुझाएमा सो ७ दिन पछि ७% ले जरिवाना सहित चालु महिना र वितेको महिनाको भाडा एक मुष्ट बुझाउनु पर्ने छ । सो चालु दोश्रो महिनामा समेत भाडा नबुझाएमा तेश्रो महिनाको सुरु १ गते देखी बाँकी रकम मा १०% ले जरिवाना सहित बाँकी रकम र चालु महिनाको भाडा रकम सहित एक मुष्ट बुझाउनु पर्ने छ । सो न बुझाएमा उक्त कोठा खाली गराउन सक्ने छ ।

११. भाडामा लिएको कोठालाई नोक्सान नहुने गरी आफनो खर्च बाट श्वयम दोश्रो पक्ष भाडादारले सजाउनु पर्ने छ । सो रकम प्रथम पक्ष न.पा. ले व्यहोर्ने छैन भने मिनाहा समेत गर्ने छैन । कोठाको अगाडी खम्बा खुट्टी गारी छाउनी छाप्रो समेत लगाउन पाउने छैन सो लगाएमा न.पा. ले तोड फोड गरी हटाउन सक्ने छ ।

१२. कोठा भाडामा उपभोग गर्दाको अवस्थामा जडान गरीएका विजुली धारा टेलिफोन आफनो खर्चबाट भाडादार दोश्रो पक्षले जडान गर्नु पर्ने छ र सो को महसुल समेत स्वयम दोश्रो पक्षले व्यहोर्नु पर्ने छ ।

१३. रा.वि.न.पा.का. लाई आफनो उपभोगको लागी आवश्यक परेमा दोश्रो पक्षले कोठा खाली गर्नु पर्ने छ ।

१४. आफुले भाडामा सम्झौता गरिलिएको कोठा स्वयमले पसल थापी उपभोग गर्नु पर्ने छ सो कोठा दोश्रो पक्षले अन्य कुनै व्यक्ती, व्यवसायी लाई भाडामा वा अन्य कुनै किसिम संग उपभोग गर्न दिन पाउने छैन । त्यसो गरेको ठहरे न.पा. ले सो व्यक्तीलाई उक्त कोठा बाट हटाई उक्त कोठा बाट बन्चित गरी तपाईको धरौटी रकम जफत गरी बाँकी रहेको रकम कानुनी कारवाही गरी असुल उपर गर्ने र उक्त कोठा न.पा.ले पुन बन्दोबस्त गर्र सक्ने छ ।

१५. भाँडा लिएका व्यवसायी, फर्म वा संस्थाले कोठा छोडन चाहेमा ३५ पैतिस दिन अगावै अनिवार्य सुचना नगरपालिकालाई दिनु पर्नेछ । यसरी बिचैमा कोठा छोडने भएमा अग्रीम भाडा रकम बाँकि रहन गए सो रहेको धरौटी रकमको न्युनतम १० प्रतिशत रकम जरिवाना स्वरुप नगरपालिकाबाट फिर्ता दिईने छैन । तर नगरपालिकासंग सम्झौता गरि कोठा लिए पछि कोठा लिएको १ बर्ष अगाडि कोठा छाडि जान पाईने छैन ।

१६. उक्त कोठा भाडामा प्रयोग गर्दा सम्बन्धित संस्था वा व्यवसायीले सम्झौतामा उल्लेख भएको प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ । आफुले भाडा लिई अर्को व्यक्ति, व्यवसायी वा संस्थाले दिन पाईने छैन । कोठा पजनी (पगडी) गरेको पाईएमा नगरपालिकावाट कारवाही गरि स्वत सम्झौता रद्द गरिनेछ । अन्य व्यक्ति वा संस्थाले नगरपालिकाको स्विकृति बिना प्रयोग गर्न पाईने छैन ।

१७. उक्त पसल कवलहरुमा नगरपालिका वा राष्ट्रलाई हानि नोक्सानी हुने वा गैर कानूनी व्यपार व्यवसाय गर्न पाइने छैन ।

१८. निर्माण भएको कोठाको संरचनामा फेरबदल गर्न पाईनेछैन । संरचनालाई फेरबदल गर्नु परेमा नगरपालिकाको प्राविधिक स्विकृति लिई मात्र गर्न सक्नेछ । उक्त पसलकवलमा कुनै पनि किसिमको हानी नोक्सानी गर्न पाईने छैन त्यसो भएमा हानी नोक्सानी भएको असुल उपर गरिनेछ ।

१९. उक्त गिलेशन कोठामा व्यवसाय करको प्रमाण-पत्र अनिवार्य राख्नु पर्ने छ ।

२०. शिलबन्दी कोटेशन फारम नगरपालिकाको राजश्व शाखावाट रु १०००।०० फिर्ता नहुने गरी दस्तुर तिरी खरिद गर्न सकिने छ ।

२१. रितपूर्वकको शिलबन्दी कोटेशन प्राप्त बोलपत्रहरु यो मिति २०७९।०४।१८ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । सो समय वोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

२२. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२४. शिलबन्दी कोटेशन स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२५. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
असुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# म्याद गुज्रेको सामान नष्ट

लहान, १२ असार (रासस) ।

ग्रामीण क्षेत्रका बजारबाट अयोग्य तथा म्याद गुज्रेको खाद्य पदार्थ नियन्त्रणमा लिई नष्ट गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय सप्तरी र घरेलु तथा साना उद्योग कार्यालय सिरहाको पहलमा खटिएको संयुक्त अनुगमन टोलीले सिरहाको भगवानपुर र धनगढीमाई नगरपालिकाको धनगढी बजारबाट करिब रु ५० हजार मूल्य बराबरको म्याद गुज्रेको खाद्य पदार्थ नियन्त्रणमा लिई नष्ट गरेको हो ।

अनुगमनका क्रममा भगवानपुर बजारस्थित अमन किराना पसल, ज्योति गल्ला भण्डार, कृष्णा जेनरल फेन्सी स्टोर्सलगायत विभिन्न पसलबाट म्याद गुज्रेको मैदा, मसला, पाउण्डर दूध, खानेतेल, सुर्ति, बिंडी, भुज, चिउरालगायतका सामान नियन्त्रणमा लिई नष्ट गरेको सो डिभिजन कार्यालय सप्तरीका प्रमुख सुरेशकुमार सिंहले जानकारी दिनुभयो ।

यस्तै सिरहाको धनगढीमाई -१० स्थित धनगढी बजारमा गरिएको बजार अनुगमनका क्रममा रोहित किराना पसल, शम्भु एण्ड धीरज ट्रेडर्स र ओमनमः शिवाय किराना पसलबाट म्याद गुज्रेको मैदा, खानेतेल, स्वायबिन, मसलालगायतका सामान नियन्त्रणमा लिई नष्ट गरेको प्रमुख सिंहले बताउनुभयो ।

उहाँका अनुसार धनगढी बजारस्थित विभिन्न होटल तथा मिष्ठान्न भण्डारमा अनुगमन गर्दा हानिकारक रङको प्रयोग गरी तयार पारिएको मिठाई तथा म्याद गुज्रेको पेय पदार्थसमेत नियन्त्रणमा लिई नष्ट गरिएको छ । अनुगमनका क्रममा मूल्यसूची नराखेका पसलमा अविलम्ब उपभोक्तालाई देखिने गरी मूल्यसूची राख्न, म्याद गुज्रिएका खाद्यवस्तुलाई नष्ट गरी उचित व्यवस्थापन गर्न र दर्ता नभएका पसल, व्यवसायी दर्ता गराउन पहिलोपटक चेतावनी दिएको घरेलु तथा साना उद्योग कार्यालय लहान सिरहाका प्रमुख दीपेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

अर्कोपटक अनुगमन गर्दा यस्तो नगरेको पाइएमा थप कडा कारबाही गरिने उहाँले बताउनुभयो । विगतमा सहर केन्द्रित गर्दै आएको बजार अनुगमनलाई केही दिनदेखि ग्रामीण क्षेत्रमा केन्द्रित गरेको उहाँको भनाइ छ ।

### रु एकलाख राशिको ...

छ लाख बराबरको रकम सङ्कलन भएको छ ।

सुरुआतमै निकै उत्साहपूर्वक स्वतस्फुर्त रकम सङ्कलन भएको उक्त अक्षयकोषमा आगामी दिनमा पनि विभिन्न सङ्घसंस्था र व्यक्तिबाट रकम सङ्कलन गरी कोषमा कम्तीमा रु २० लाख बराबरको मूल धन पुऱ्याउने लक्ष्य लिइएको सङ्घका अध्यक्ष श्रेष्ठले बताउनुभयो । उहाँले उक्त पुरस्कार वितरण गर्नका लागि एक कार्यविधि निर्माण गरी स्रष्टाबाट स्रष्टाका लागि प्रदान गरिएको रकमलाई व्यवस्थित गरिने स्पष्ट पार्नुभयो ।

# गोली चल्दा एक घाइते, दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १२ असार ।**

सिरहाको लहान नगरपालिका वडा नं. २२ बेलीजटियाही टोलमा गोली चल्दा एक जना घाईते भएका छन् ।

आइतवार बिहान करिब ९ बजे रबिन्द्र चौधरीको घरको माथिल्लो तल्लामा स्थानीय १९ वर्षीय सुशान्त चौधरी, १५ वर्षीय सुरज मुखिया र १८ वर्षीय दिलिप मुखिया बसिरहेको बेला ख्याल-ख्यालमै सुशान्तले गोली चलाउँदा दिलिपको पेटमा गोली लागेको प्रहरीले जनाएको छ ।

यता प्रहरीले सुशान्त र सुरजलाई नियन्त्रणमा लिएको छ भने घाइते दिलिपलाई उपचारका लागि धरान पठाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनास्थलबाट कट्टुवा पेस्तोल १ थान, ७.६५ एमएम लेखिएको गोली ५ राउन्ड, म्यागजिन १ थान, गोलीको खोखा एक थान बरामद समेत गर्दै घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लागुऔषध नियन्त्रणमा जोड

**दैनिक समाचारदाता**
**राजविराज, १२ असार ।**

राजविराजमा आइतबार चेतनामूलक ऱ्याली गरेर अन्तर्राष्ट्रिय लागुपदार्थ दुरुपयोग तथा ओसारपसार विरुद्धको दिवस मनाइएको छ ।

प्लेकार्डसहितको ऱ्याली पश्चात आयोजित सभामा सप्तरीका प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले लागुऔषधको प्रयोगलाई पूर्णरूपमा नियन्त्रण गर्न व्यक्तिव्यक्तिले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख अविनारायण काफ्लेले युवालाई लागुऔषधको लतबाट बचाउन जनचेतनास्वरूप ऱ्याली निकाली बजार परिक्रमा गरिएको उल्लेख गर्दै लागुऔषध नियन्त्रणका लागि सबै एकजुट हुनुपर्ने बताए ।

लागुऔषधको सेवन, ओसारपसार तथा बिक्री वितरणलाई न्यूनीकरण गर्न सामुदायिक सेवा केन्द्र र सप्तरी प्रहरीले एक सातासम्म विभिन्न विद्यालयमा जनचेतनामूलक कार्यक्रम गरेको केन्द्रका सचिव सञ्जय शर्माले जानकारी दिए ।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासको अध्यक्षतामा भएको कार्यक्रममा प्याब्सनका केन्द्रीय सदस्य देवानन्द चौधरी, नेपाल पत्रकार महासङ्घ सप्तरीका अध्यक्ष श्रवण देव र इन्सेक प्रतिनिधि मनोहर पोखरेलले लागुऔषधको प्रयोगले समाजमा अनेक किसिमका विकृति बढ्दै गएकोले नियन्त्रणमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

सामुदायिक सेवा केन्द्र र जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा भएको कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी गिरी, बरख दल गणका गणपति दुर्गाबहादुर थापा, सशस्त्र प्रहरी उपरीक्षक श्याममणि ढकाल, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झा, प्राइम होलीक्रस स्कूलका विद्यार्थीहरू र विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# लाखौंको गरगहना चोरी

**दैनिक समाचारदाता**
**महोत्तरी, १२ असार ।**

महोत्तरीको सदरमुकाम जलेश्वरमा एक घरबाट लाखौंको गरगहना चोरी भएको छ ।

जलेश्वर नगरपालिका वडा नं. ६ मा एक समूहले विवाहमा घर बाहिर गएका एक व्यक्तिको घरबाट १९ तोला सुन र १५ तोला चाँदीको गहनासहित २० लाखको धनमाल चोरी गरेको हो ।

स्थानीय दिलीपकुमार मिश्र सपरिवार यही असार ६ गते भारतको बिहार राज्यको मुज्जफरपुरस्थित आफन्तको विवाहमा गएको मौका छोपी घरको ताल्चा फुटाएर गरगहना चोरी भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी प्रकाश बिष्टले जानकारी दिए ।

उनका अनुसार सुन चाँदीका गरगहना, ल्यापटप र मोबाइल गरी रु १९ लाख ७० हजार मूल्य बराबरको धनमाल चोरी गरी लगेका छन् ।

चोरी घटना विषयमा अनुसन्धान भइरहेको र चोरको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

## चट्याङबाट बचौं र बचाऔं।

**चट्याङबाट बच्न,**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np